# तपाईं कोभिड-19 विरुद्धको खोप लगाउन चाहनुहुन्छ तर घरबाट निस्कन सक्नुहुन्न?



## हामी तपाईंलाई काउन्टी वा राज्य वा दुवैको घुम्ती खोप टोलीसँग सम्पर्क गराउन सक्छौँ।

**घरबाट निस्कन नसक्ने अवस्थामा भएका व्यक्तिहरूका लागि कोभिड-19 विरुद्धको खोप लगाउने सेवा:**

- यो कार्यक्रम घरबाट निस्कन नसक्ने अवस्थामा रहेका व्यक्तिहरूका लागि ल्याइएको हो।
- यो कार्यक्रमका सेवाहरू निःशुल्क रूपमा प्रदान गरिन्छ।

## तपाईं वा तपाईंले चिन्नुहुने कोही व्यक्ति घरबाट निस्कन नसक्ने अवस्थामा हुनुहुन्छ भने हामीलाई जानकारी गराउनुहोस्।

**तीन तरिकाले नाम दर्ता गर्न सकिन्छ:**

- https://redcap.link/WA_HomeBasedVax मा गई छोटो र सुरक्षित अनलाइन सर्वेक्षण भर्नुहोस्। यो सर्वेक्षण अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ।
- कोभिड-19 हटलाइन: 833-VAX-HELP (829-4357) मा फोन गर्नुहोस् अनि # थिच्नुहोस्। **भाषासम्बन्धी सहयोग उपलब्ध छ।**
- घरमै खोप लगाउने सेवा प्राप्त गर्न आफ्नो स्थानीय स्वास्थ्य निकायमा (अङ्ग्रेजी भाषामा उपलब्ध छ) फोन गर्नुहोस्।



## तपाईं कसरी मद्दत गर्न सक्नुहुन्छ?

- यो जानकारी अरूसँग आदानप्रदान गर्नुहोस्! हामी कोभिड-19 विरुद्धको खोप सबैलाई उपलब्ध गराउन चाहन्छौँ।
- तपाईंले चिनेको कोही व्यक्तिलाई खोप चाहिएको छ तर उहाँ घरबाट निस्कन नसक्ने अवस्थामा हुनुहुन्छ भने उहाँलाई यो सर्वेक्षण भर्न वा हटलाइन नम्बरमा फोन गर्न मद्दत गर्नुहोस्।
- तपाईं अरू कसैको तर्फबाट यो सर्वेक्षण भर्दै हुनुहुन्छ वा हटलाइन नम्बरमा फोन गर्दै हुनुहुन्छ भने कृपया उक्त व्यक्तिको नाम र सम्पर्क जानकारी प्रदान गर्न नभुल्नुहोस्।

***प्रश्नहरू छन् भने निम्न इमेल ठेगानामा पठाउनुहोस्:***

**Covid.Vaccine@doh.wa.gov**

**www.CovidVaccineWA.org**

Washington State Department of Health

DOH 348-807 March 2022 Nepali

तपाईं यो सामग्री अरू कुनै ढाँचामा प्राप्त गर्न चाहनुहुन्छ भने 1-800-525-0127 मा फोन गर्नुहोस्। कान नसुन्ने वा श्रवण शक्ति कमजोर भएका सेवाग्राहीहरूले कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा इमेल पठाउनुहोस्।